# खुला बजेट सर्वेक्षण

# संक्षिप्त नेपाल प्रतिवेदन -२०१९

| | | | |
|---|---|---|---|
| | ४१<br>१०० मा<br>पारदर्शिता | २२<br>१०० मा<br>जनसहभागिता | ४८<br>१०० मा<br>बजेट निगरानी |
| **खुला बजेट परिसुचकमा नेपालको अंक** | | | |

## यस प्रतिवेदन बारे....

सरकारका के कस्ता कर लगाउने, के कस्ता सेवा प्रवाह गर्ने र राष्ट्र ऋण कति परिमाणमा उठाउने जस्ता निर्णयले सेवा सुविधाबाट सवैभन्दा धेरै वञ्चित समुदायको जिवनस्तर उकास्नमा लागि उपलब्ध हुने अवसर लगायत सामाजिक समानता र जनहितका विषयलाई प्रभावित गर्दछन् । त्यसैले आम नागरिकको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने यस्ता निर्णय गर्दा सवैलाई सुसुचित गर्ने र जनसहभागिता सुनिश्चित गर्ने कुरामा सरकार सदैव संवेदनशिल हुनुपर्छ ।

खुला बजेट सर्वेक्षण केन्द्रीय सरकारको सूचनाको पहुँचयोग्यता, राष्ट्रिय बजेट प्रक्रियामा जनसहभागिताको अवसर तथा संसद र लेखापरीक्षक जस्ता बजेट निगरानी निकायको भूमिका मापन गर्ने अन्तराष्ट्रिय रुपमा स्वीकार्य विश्वको एकमात्र स्वतन्त्र, तुलनात्मक र तथ्यपरक अनुसन्धान पद्धति हो ।

सर्वेक्षणले स्थानीय नागरिक समाजलाई सार्वजनिक स्रोत सम्वन्धि प्रतिवेदन तथा स्रोतको उपयोग सम्वन्धमा सरकारको मुल्यांकन र बजेट बहसमा सहयोग गर्छ । खुला बजेट सर्वेक्षणको सातौं संस्करणमा ११७ देश समेटिएका छन् ।


खुला बजेट सर्वेक्षणको विस्तृत अध्ययन पद्धति, विश्व प्रतिवेदन, सवै देशको अध्ययनको निचोड तथा तथ्यांक खोजका लागि अन्तराष्ट्रिय बजेट साझेदारीको वेभ लिंकwww..internationalbudget.org/open-budget-surveyभ्रमण गर्नुहोस् ।

## पारदर्शिता

खुला बजेट सर्वेक्षणको यस भागमा केन्द्रीय सरकारले सार्वजनिक स्रोत कसरी उठाउँछ र खर्च गर्छ भन्ने विषयका सूचनाको परिक्षण हुन्छ । यसमा अनलाइन माध्यमबाट प्रमूख आठ बजेट दस्तावेजको उपलब्धता, समयवद्धता र सूचनामुलकताको मुल्यांकन गरिन्छ । यसका लागि १०९ ओटा समान अंकभारका सूचकको माध्यमबाट ० देखि १०० को स्केलमा सम्वन्धित देशको अंक निर्धारण गरिन्छ ।

पारदर्शिताको अंक ६१ व सो भन्दा बढि भएमा सम्वन्धित देशले बजेटको सुसूचित सार्वजनिक बहसका लागि पर्याप्त सूचना सार्वजनिक गर्ने गरेको मानिन्छ ।


नेपालको बजेट पारदर्शिताको अंक १०० मा ४१ छ र पारदर्शितामाश्रेणीमा नेपाल नेपाल ११७ देश मध्ये ६५ औ स्थानमा रहेको छ ।



### बजेट पारदर्शितामा नेपालको तुलनात्मक स्थिति

| | |
|---|---|
| विश्वको औषत | 45 |
| अफगानिस्तान | 50 |
| भारत | 49 |
| श्रीलंका | 47 |
| नेपाल | 41 |
| बंगलादेश | 36 |
| पाकिस्तान | 28 |
| 0 अपर्याप्त 61 | पर्याप्त 100 |

### समय अन्तरालमा नेपालको खुला बजेट अंकमा कस्तो परिवर्तन देखा पर्‍यो ?



| दस्तावेज | 2010 | 2012 | 2015 | 2017 | 2019 |
|---|---|---|---|---|---|
| पूर्व बजेट विवरण (Pre-Budget Statement) | 🔴 | 🔴 | 🔴 | 🔴 | 🔴 |
| कार्यकारीको वजेट प्रस्ताव (Executive's Budget Proposal) | 🟢 | 🟢 | 🟠 | 🟢 | 🟢 |
| अनुमोदित बजेट (Enacted Budget) | 🟠 | 🟢 | 🟢 | 🟢 | 🟢 |
| नागरिक बजेट (Citizen Budget) | 🔴 | 🔴 | 🔴 | 🔴 | 🔴 |
| आवधिक प्रतिवेदन(In year Report ) | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟠 |
| मध्यावधि समिक्षा (Mid-Year Review) | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟢 |
| वार्षिक प्रतिवेदन (Year End Report) | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟢 |
| लेखापरीक्षण प्रतिवेदन (Audit Report) | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟢 |

**नेपालमासार्वजनिक रुपमा बजेट दस्तावेजको उपलब्धता**

🟢 *सार्वजनिक रुपमा उपलब्ध* 🔴 *निर्माण नभएको* 🟠 *ढिलो तयार भएको, अनलाइनमा प्रकाशन नभएको वा आन्तरिक प्रयोजनका लागि मात्र तयार गरिएको*

### नेपालमा सार्वजनिक रुपमा उपलब्ध हुने बजेट दस्तावेज कतिको जानकारी मुलक छन् ?

| दस्तावेज | व्याख्या | अध्ययनका लागि लिइएको बर्ष | अंक |
|---|---|---|---|
| पूर्व बजेट विवरण (Pre-Budget Statement) | पूर्व वजेट विवरणले कार्यकारीको बजेट प्रस्ताव अघि नै सरकारको वित्त नीतिको मुख्य आयाम बारे जानकारी दिनुका साथै सरकारको आर्थिक प्रक्षेपण, अपेक्षित आय, व्यय र ऋणको खाका प्रस्तुत गर्छ । | २०१८ | प्रकाशन नभएको |
| कार्यकारीको वजेट प्रस्ताव (Executive's Budget Proposal) | यो कार्यकारीबाट अनुमोदनका लागि लागि व्यवस्थापिकामा प्रस्तुत हुने दस्तावेज हो । राजश्वका स्रोत सम्वन्धि विस्तृत विवरण, मन्त्रालयगत बजेट विनियोजन, प्रस्तावित नीतिगत परिवर्तन तथा राज्यको वीत्तीय अवस्था झल्काउने अन्य उपयोगी जानकारी यसमा रहन्छ । | २०१८ | ५४ |
| अनुमोदित बजेट (Enacted Budget) | व्यवस्थापिकाबाट स्वीकृत भएको बजेट | २०१८ | १७ |

| | | | |
|---|---|---|---|
| नागरिक बजेट (Citizen Budget) | सरकारले जनतालाई बजेटका प्रमूख सूचना उपलब्ध गराउने उद्देश्यले तयार पार्ने सरकारको कार्यकारीको बजेट प्रस्ताव वा अनुमोदित बजेटको सरल वा कम प्राविधिक स्वरुप | २०१८ | तयार नभएको |
| आवधिक प्रतिवेदन (In year Report ) | यो विभिन्न समयको अन्तरालमा संकलित यथार्थ राजश्व, व्यय तथा तिर्न बाँकी ऋण सम्वन्धि सूचना समेटिएको दस्तावेज हो । यो त्रैमासिक वा मासिक रुपमा प्रकाशत गरिन्छ । | २०१८ | ढिला प्रकाशन |
| मध्यावधि समिक्षा (Mid-Year Review) | यो आर्थिक बर्षको मध्यसम्मको बजेट कार्यान्वनको अवस्था झल्काउने सूचनामुलक प्रस्तुती हो । यसले आर्थिक पुर्वानुनमानहरूको समिक्षा गरी बजेटका उपलब्धीको अध्यावधिक प्रक्षेपण प्रस्तुत गर्छ । | २०१७ | ५२ |
| वार्षिक प्रतिवेदन (Year End Report) | यसले आर्थिक बर्षको अन्तमा सरकारी लेखाको स्थितीको व्याख्या गर्छ । साँचो अर्थमा यो वजेटको नीतिगत लक्ष्य हाँसील गर्नमा भएको प्रगतिको मुल्यांकन हो । | २०१६ | ४३ |
| लेखा परिक्षण प्रतिवेदन (Audit Report) | सर्वोच्च लेखापरीक्षण निकायबाट जारी गरिने यो दस्तावेजले सरकारको बर्षान्तका लेखाहरूको स्वच्छता र पुर्णताको जाँच गर्छ । | २०१७ | ६२ |

नेपालको पारदर्शिता सुचकांक ४१ अघिल्लो अर्थात् २०१७ को भन्दा निकै कम हो ।

## २०१९ मा भएका परिवर्तन

निम्न तवरले नेपालनमा बजेट सूचनाको उपलब्धतामा कमी आयो:

- प्रतिवेदन अवधिको ३ महिना भित्रमा आवधिक प्रतिवेदन (त्रैमासिक आर्थिक बुलेटीन) अनलाइनमा प्रकाशन हुन नसकेको
- वार्षिक प्रतिवेदनको एउटा खण्ड प्रकाशन नभएको (वार्षिक प्रगति समिक्षा प्रतिवेदन २०१७-१८)

## सुझावहरू

नेपालले बजेट पारदर्शिताको अवस्था सुधारका लागि निम्न कार्य प्राथमिकताका साथ गर्नुपर्छ।

- नियमित आर्थिक प्रतिवेदनहरु (त्रैमासिक आर्थिक बुलेटीन) अनलाइनबाट समयवद्ध रुपमा प्रकाशन गर्ने।
- पुर्व बजेट विवरण र नागरिक बजेट निर्माण गर्ने र समयवद्ध रुपमा अनलाइनबाट सार्वजनिक गर्ने।
- कार्यकारीको बजेट प्रस्तावमा सरकारी ऋणको संरचना संवन्धि विस्तृत जानकारी तथा सरकारको नयाँ तथा भइरहेका नीतिहरुको राजश्व र खर्चमा पर्ने प्रभाव सम्वन्धि जानकारी समेट्ने
- वार्षिक प्रतिवेदनमा अपेक्षित र यथार्थ उपलब्धीको गैर वित्तीय तथ्यांकसहितको तुलनात्मक विवरण सहितको कार्य सम्पादन सम्वन्धि सूचना समेट्ने।
- विस्तृत राजश्व र खर्चको विवरण सहित अनुमोदित बजेट सार्वजनिक गर्ने।
- मध्यावधि समिक्षा प्रतिवेदनमा वार्षिक बजेटको तुलनामा आर्थिक बर्षको बाँकी अवधिको खर्चको अध्यावधिक प्रक्षेपण प्रस्तुत गर्ने।


## जनसहभागिता

सुशासनको सुधारमा पारदर्शिता मात्र अपर्याप्त हुन्छ। बजेट पारदर्शितामा हुने सुधारबाट सकरात्मक प्रतिफल हाँसील गर्नका लागि समावेशी जनसहभागिता अपरिहार्य हुन्छ।

खुला बजेट सर्वेक्षणले बजेट प्रक्रियाका विभिन्न चरणमा सहभागि हुने औपचारिक अवसरहरु आम जनतालाई के कति उपलब्ध छ भन्ने कुरा पनि मापन गर्छ। केन्द्रीय सरकारको कार्यकारी, ब्यवस्थापिका र सर्वोच्च लेखापरीक्षण निकायका जनसहभागिताका अवसर उपलब्ध गराउने अभ्यासको मापनका लागि विभिन्न १८ ओटा समान अंक भारका सुचकको प्रयोग गरिन्छ। यी सुचकबाट 'वित्तीय पारदर्शिताका लागि विश्वब्यापी प्रयास' ले तय गरेका वित्तीय नीतिमा जनसहभागिता सम्वन्धि सिद्धान्तअनुकुल ० देखि १०० को स्केलमा हरेक देशको अवस्था मापन गरिन्छ।

नेपालले जन सहभागितामा १०० मध्ये २२ अंक प्राप्त गरेको छ।

### जनसहभागितामानेपालको तुलनात्मक स्थिति




जन सहभागिताका विश्वका नविनतम पद्धतिका बारे थप जानकारीका लागि यहाँ क्लीक गर्नुहोस्।

नेपालमा बजेट प्रक्रियामा जनसहभागिताको अवसरको उपलब्धता

| | | | |
|---|---|---|---|
| 20/100 | 11/100 | 25/100 | 33/100 |
| | | | |
| तर्जुमा | अनुमोदन | कार्यान्वयन | लेखापरीक्षण |
| कार्यकारी | व्यवस्थापिका | कार्यकारी | सर्वोच्च लेखापरीक्षण निकाय |

०-४० : थोरै ४१-६० : सिमित ६१-१०० : पर्याप्त

**सुझावहरू**

नेपालमा अर्थ मन्त्रालयले बजेट तर्जुमाको क्रममा पुर्व बजेट प्रस्तुती प्रक्रिया निर्धारण गरेको छ भने बजेट कार्यान्वयनका लागि अनलाइन परामर्श पद्धति पनि तय गरेको छ । यद्यपी बजेट प्रक्रियामा जन सहभागितालाई थप सवल बनाउन निम्न कार्य प्राथमिकताका साथ अघि बढाउनु पर्छ ।

- संकटासन्न तथा प्रतिनिधित्व छुटेका समुदायको सहभागितालाई आफैं वा उनीहरुलाई प्रतिनिधित्व गर्ने नागरिक संस्था मार्फत घनीभूत बनाउने ।

नेपालको संसदले वार्षिक बजेट अनुमदन सम्वन्धि सार्वजनिक सुनुवाईको पद्धति बसालेको छ तर त्यसवाहेक निम्न कार्यलाई प्राथमिकतामा राख्नुपर्छ ।

- कार्यकारीको बजेट प्रस्ताव अनुमोदन गर्नुअघि हुने सुनुवाईका क्रममा त्यसप्रतिको जनधारणा बुझ्न समुदायका कुनै पनि सदस्य वा नागरिक संघ संस्थाका प्रतिनिधिलाई सहभागिता जनाउन दिने ।
- समुदायका वा नागरिक संघ संस्थाका प्रतिनिधिलाई लेखापरीक्षण प्रतिवेदन माथि हुने छलफलमा सहभागिताको अवसर दिने ।

नेपालमा महालेखा परीक्षकको कार्यालयले लेखा परीक्षण कार्यक्रम तय गर्ने क्रममा समुदायको सहयोग लिने पद्धति तय गरेको छ । यस अतिरिक्त बजेट प्रक्रियामा सहभागिता प्रवर्द्धनका लागि निम्न कार्य गर्नुपर्छ ।


- लेखापरीक्षण अनुसन्धानका क्रममा सर्वसाधारणले योगदान गर्न सक्ने पद्धति विकास गर्ने ।

## बजेट निगरानी

खुला बजेट सर्वेक्षणले संसद, सर्वोच्च लेखापरीक्षण निकाय तथा स्वतन्त्र वित्तीय निकायहरूले बजेट प्रक्रियामा निर्वाह गर्ने भूमिका तथा बजेटको प्रभावकारी निगरानीमा ती निकायको निगरानीको स्तर मापन गरिन्छ र१८ ओटा समान अंक भारका सूचकका हरेक देशले प्राप्त गर्ने अंक ० देखि १०० सम्मको स्केलमा मापन गरिन्छ। यस अतिरिक्त सर्वेक्षणमा स्वतन्त्र वित्तीय निकाय बाट थप सूचना पनि संकलन गरिन्छ (बक्समा हेर्नुहोस्)।

नेपालमा व्यवस्थापिका र सर्वोच्च लेखापरीक्षण निकायले संयुक्त रुपमा बजेट प्रक्रियाको सिमित निगरानी गर्छन्। यी दुई निकायको संयुक्त बजेट निगरानीको सुचकांक १०० मा ४८ रहेको छ। फरक फरक रुपमा हेर्दा यी निकायको बजेट निगरानीको स्तर निम्नानुसार छ।

०-४० : थोरै ४१-६० : सिमित ६१-१०० : पर्याप्त




**स्वतन्त्र वित्तीय निकाय स्थापनाको नविन अभ्यास**

नेपालमा स्वतन्त्र वित्तीय निकाय छैन। यस्तो निकायलाई बजेट प्रक्रियामा कार्यपालिका र व्यवस्थापिकाका लागि स्वतन्त्र र निश्पक्ष सुचना उपलब्ध गराउने स्रोतका रुपमा मान्यता दिने क्रम बढ्दो छ।

खुला बजेट सर्वेक्षणमा अंक निर्धारणको सुचकका रुपमा भने यसलाई समावेश गरिएको छैन।

नेपालमा बजेट चक्र अन्तर्गत बजेट तर्जुमा र कार्यान्वयन प्रक्रियामा संसदीय निगरानी कमजोर छ। यसमा सुधारका लागि निम्न कार्यलाई प्राथमिकतामा राखिनुपर्छ।

- कार्यकारीको बजेट प्रस्ताव नयाँ आर्थिक (बजेट) बर्ष शुरु हुनुभन्दा कम्तिमा २ महिना अघि संसदमा पेश हुनुपर्छ।
- संसदीय समितिहरूले कार्यकारीको बजेट प्रस्ताव परिक्षण गरी आफ्नो विश्लेषण अनलाइन माध्यमबाट सार्वजनिकीकरण गर्ने।
- संसदीय समितिले बजेट कार्यान्वयनको नियमित जाँच गरी आफ्नो ठम्याई अनलाइन माध्यमबाट सार्वजनिकिकरण गर्ने।
- बर्षको विचमा स्कीकृत बजेटमा उल्लेखित स्रोत एउटा प्रशासनीक इकाइबाट अर्को प्रशासनीक इकाईमा सार्नु वा राजश्वमा हुने कमीका कारणले खर्च घटाउने निर्णय गर्नुअघि संसदीय परामर्श गरिने कुरा सुनिश्चित गर्ने।
- संसदीय समितिले महालेखा परीक्षकको प्रतिवेदन अध्ययन गरी त्यसको निचोड सहितको प्रतिवेदन अनलाइन माध्यमबाट सार्वजनिक गर्ने।

# अध्ययन विधि

सन् २०१८ सम्म प्रकाशित दस्तावेज, कार्यक्रम, गतिविधि तथा परिवर्तनहरु मात्र २०१९ को खुला बजेट सर्वेक्षणमा उपयोग गरियो ।

सर्वेक्षण हरेक देशका बजेट विशेषज्ञले पुरा गरेको सर्वेक्षण प्रश्नावलीमा आधारित छ । नेपालका लागि तारानाथ दाहाल र कृष्ण सापकोटा यो प्रक्रियामा सहभागि थिए ।

अध्ययनमा संलग्न संस्थाको जानकारी

Freedom Forum
PO Box 2429 2, Thapathali,  Kathmandu, Nepal
info@ freedomforum.org.np; sangreela@gmail.com

अध्ययनलाई थप राम्रो बनाउन हरेक देशको मस्यौदा प्राश्नावली पहिचान नखुलाइएका स्वतन्त्र विज्ञ र नेपालको अर्थ मन्त्रलायका प्रतिनिधिको समिक्षका लागि पनि पठाइन्छ ।